USAID
अमेरिकी जनताबाट
CIVIL SOCIETY & MEDIA STAND
The Asia Foundation
Center for Media Research - Nepal
मिडिया अनुसन्धान केन्द्र - नेपाल

# मिडिया काउन्सिल विधेयक-२०८० मस्यौदामा टिप्पणी र सुझाव

असोज, २०८१

दुर्गा खनाल

यो अध्ययन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो । यस 'मिडिया काउन्सिल विधेयक-२०८० मस्यौदामा टिप्पणी र सुझाव' भित्रका विषयवस्तु र सामग्री लेखकको एकल जिम्मेवारी हुन् र तिनले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन् भन्ने आवश्यक छैन ।

# परिचय

२०४८ सालमा बनेको नेपाल प्रेस काउन्सिल ऐनलाई विस्थापित गरी नयाँ कानुन बनाउने प्रक्रिया नेपालको सङ्घीय संसद्मा २०७५ सालदेखि बहस र छलफलमा छ । पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुन आवश्यक रहेको भनिएको छ । राष्ट्रिय आमसञ्चार नीति २०७३ लागु भइ प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायका रूपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण गरी सक्षम निकायका रूपमा विकास गर्न तथा समयसापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेसालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाइ स्वच्छ र स्वतन्त्ररूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्न आवश्यक भएकोले मिडिया काउन्सिलसम्बन्धी विधेयक आवश्यक परेको उक्त विधेयकको उद्देश्य र कारणमा उल्लेख छ ।[१]

विधेयकको सैद्धान्तिक अवधारणा पत्रमा नयाँ ऐन बनाउनुपर्ने आवश्यकतासम्बन्धी ४ वटा बुँदामा उल्लेख छ ।[२]

## नयाँ ऐन बनाउनुपर्ने आवश्यकता

(क) संवैधानिक कारण : नेपालको संविधानको धारा १९ मा व्यवस्था भएको सञ्चारको हकअन्तर्गत रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमहरूको व्यवस्थापन र नियमन गर्ने व्यवस्था रहेको ।

(ख) अन्तर्राष्ट्रिय दायित्व : विश्व प्रेस काउन्सिल र दक्षिण एशियाली प्रेसलगायत विश्वका अन्य देशका काउन्सिलहरूसँग सम्बन्ध सुधार गरी प्रेस काउन्सिल नेपालको नाम मिडिया काउन्सिलमा परिवर्तन गरी अझ सशक्त र प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको ।

(ग) सरकारी नीति तथा कार्यक्रम : राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागु भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायका रूपमा विकास गर्ने तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण गरी सक्षम निकायका रूपमा विकास गर्न नयाँ कानुन निर्माण गर्न आवश्यक परेको ।

(घ) अन्य कुनै कारण : समयसापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेसालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाइ स्वच्छ र स्वतन्त्ररूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन तथा समानुपातिक/समावेशी सिद्धान्तका आधारमा मिडिया काउन्सिल गठन गर्न नयाँ ऐन व्यवस्था गर्नुपर्ने भएको ।

यस प्रतिवेदनमा मिडिया काउन्सिल विधेयक पारित हुन नसकेको कारण, यसप्रति सरोकारवालाको बुझाइ, संसद्मा भएका टिकाटिप्पणी र विधेयकको वर्तमान अवस्थाबारे चर्चा छ ।

# संसद्मा मिडिया काउन्सिल विधेयक

मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न २०७५ सालमा बनेको विधेयक पहिलोपटक संसद्मा दर्ता भइ २०७६ वैशाख २६ मा

१ मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक ।

२ मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक । सैद्धान्तिक अवधारणापत्र ।

सङ्घीय संसद्को प्रक्रियामा अघि बढेको थियो । तर उक्त विधेयक २०७४ सालको चुनावपछि बनेको सङ्घीय संसद्को ५ वर्षे कार्यकाल २०७९ सम्म पारित पनि हुन सकेन । पहिलोपटक विधेयक आएकै बेलामा यसको नेपाल पत्रकार महासङ्घको अगुवाइमा व्यापक विरोध भएको थियो । सरोकारवालाहरूले काउन्सिल सरकार नियन्त्रित हुने, गठन प्रक्रिया र सङ्गठन संरचना कमजोर, धेरै क्षतिपूर्ति र जरिवानाको विषय आदिमा प्रश्न उठाएका थिए ।[३] प्रस्तावित मिडिया काउन्सिलका पदाधिकारीको योग्यता, पत्रकारमाथि जरिवानालगायत प्रावधानमा विरोध भएपछि राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले छलफल केही समय रोकेको थियो ।

त्यसपछि प्रतिपक्षी दल र नेपाल पत्रकार महासङ्घसँग सहमति गरेर झण्डै ९ महिनापछि २०७६ माघमा विधेयक फेरि अघि बढाइएको थियो । विधायन व्यवस्थापन समितिको २०७६ माघ १४ मा भएको मिडिया काउन्सिल विधेयकमाथिको छलफलमा तत्कालीन सञ्चार मन्त्री गोकुल बाँस्कोटाले पत्रकारको लाइसेन्स परीक्षा लिन नहुने बताएका थिए । तर सञ्चार मन्त्रीसमेतलाई निरीह बनाउँदै त्यही बैठकबाटै तत्कालीन सत्तारूढ दल नेकपाकै ठगेन्द्रप्रकाश पुरीलगायत ९ सांसदले विधेयकमा 'लाइसेन्स परीक्षा दिनुपर्ने' व्यवस्था घुसाए । विज्ञहरूको सभा मानिने राष्ट्रिय सभाका सदस्य शेरबहादुर कुँवर, उदया शर्मा पौडेल, सिंहबहादुर बिक, युटोल तामाङ, मीना बुढा, हरिचरण शिवाकोटी, जीवन बुढा, खिमकुमार बिकले यस्तो व्यवस्था थप्न पुरीलाई साथ दिए । कङ्ग्रेसका सांसदहरूले भने असहमति राखे ।[४] त्यसबेला मूल विधेयकमा १०३ वटा संशोधन परेको थियो । संशोधनसहितको विधेयक छलफल भइ विधायन व्यवस्थापन समितिबाट पारित भइ २०७६ माघ १४ मा समितिले प्रतिवेदन बनाएको थियो ।[५] राष्ट्रिय सभाबाट पारित भएको प्रतिवेदनसहित उक्त विधेयक प्रतिनिधि सभामा पुगे पनि छलफल अघि नबढ्दै संसद्को ५ वर्ष कार्यकाल समाप्त भयो ।

एउटा संसद्को कार्यकालमा दर्ता भएको विधेयक अर्को संसद्मा स्वतः सक्रिय नहुने संसद्का ऐन र नियमावलीहरूको प्रावधानअनुसार उक्त विधेयक स्वतः निष्क्रिय भएको थियो ।[६]

२०७४-२०७९ को सङ्घीय संसद्ले पार लगाउन नसकेपछि निष्क्रिय रहेको 'मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको तर्फबाट २०८१ साल वैशाख १२ गते राष्ट्रिय सभामा पुन विधिवत् दर्ता भयो । उक्त विधेयकको उद्देश्य र कारणमा 'पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ आवश्यक रहेको भनिएको छ । त्यस्तै, समयसापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेसालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाइ स्वच्छ र स्वतन्त्ररूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्न आवश्यक भएकोले मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आवश्यक परेको उल्लेख छ ।[७]

दर्ता भएपछि उक्त विधेयकका प्रावधानहरूलाई लिएर जसरी २०७६ सालमा चर्चा, बहस, विवाद सिर्जना भएको थियो, त्यस्तै अवस्था फेरि देखा पऱ्यो । राष्ट्रिय सभाको विधायन समितिमा ६ वटा समूहमा २७ जना सांसदले ७८ वटा संशोधनका सूचना दर्ता गराए ।[८]

३ मिडिया काउन्सिल विधेयकका १० असङ्गति । https://www.onlinekhabar.com/2019/05/766197

४ असंवैधानिक-अलोकतान्त्रिक मिडिया काउन्सिल विधेयक https://www.himalkhabar.com/news/111280

५ विधायन व्यवस्थापन समितिको प्रतिवेदन २०७६ https://na.parliament.gov.np/uploads/attachments/uv4107m16lxcts24.pdf

६ ऐन र नियमहरु । https://hr.parliament.gov.np/np/acts-codes?fbclid=IwAR1o_9XlkvZdERJOwofze5TY5XGuqlMx0Iot9NY6HxYaMNzG7BXj6ls-cWU

७ मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक । उद्देश्य र कारण । रेखा शर्मा । मन्त्री, सञ्चार तथा सूचना प्रविधि ।

८ राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको विधेयकमा संशोधित प्रस्तावको एकीकृत विवरण । https://na.parliament.gov.np

# २०८१ सालमा आएको नयाँ विधेयक र यसका मूल प्रावधान

मिडिया काउन्सिल विधेयकमा ७ वटा विषय समेट्न खोजिएको छ । विधेयकको सैद्धान्तिक अवधारणापत्रको बुँदा नम्बर १२ अनुसार प्रस्तावित कानुनमा समावेश गर्न खोजिएका मुख्य विषय यसप्रकार छन् :[९]

१. काउन्सिल स्थापना तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था ।

२. पत्रकार आचारसंहिता जारी गर्नेसम्बन्धी व्यवस्था ।

३. आचारसंहिताको पालना, अनुगमन तथा कारबाहीसम्बन्धी व्यवस्था ।

४. प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था ।

५. काउन्सिलको कोष तथा लेखा परीक्षणसम्बन्धी व्यवस्था ।

६. कर्मचारीसम्बन्धी व्यवस्था ।

७. विविध व्यवस्था ।

नयाँ विधेयकमा पत्रकारहरूले मिडिया काउन्सिलबाट परिचयपत्र लिनुपर्ने व्यवस्था राखिएको छ । हाल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सूचना तथा प्रसारण विभाग र प्रदेशस्थित सञ्चार रजिस्टारका कार्यालयहरूले यस्तो परिचयपत्र वितरण गर्ने गरेका छन् । २०७५ सालमा सरकारले ल्याएको मिडिया काउन्सिल विधेयकमा पत्रकारहरूले लाइसेन्स प्राप्त गर्न जाँच दिनुपर्ने प्रावधान राखे पनि नयाँ विधेयकमा त्यो प्रावधान छैन । पत्रकारले प्रेस प्रतिनिधि परिचयपत्र लिन चाहेमा सञ्चार संस्थाको सिफारिससहित तोकिएबमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने प्रावधानचाहिँ राखेको छ । 'प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ' भन्ने उल्लेख गर्दै विधेयकले काउन्सिललाई निर्णय गर्ने अधिकार प्रदान गर्न खोजेको देखिन्छ ।[१०] सञ्चार माध्यमहरूले पनि काउन्सिलले जारी गर्ने आचारसंहितासँग नबाझिने गरी आचारसंहिता र सम्पादकीय नीतिको घोषणा गर्नुपर्ने, सञ्चार माध्यमहरूले स्वनियमन र स्वमूल्याङ्कनका लागि पाठक, स्रोता र दर्शकको गुनासो सुनुवाइ गर्न स्वनियमन संयन्त्र बनाउनुपर्ने व्यवस्था पनि प्रस्तावित विधेयकमा छन् । सञ्चार माध्यमका अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतबारे काउन्सिललाई जानकारी गराउनुपर्ने व्यवस्था पनि छ ।

त्यति मात्र होइन, व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्री आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधारणले देख्न, पढ्न वा सुन्न सक्ने गरी जानकारी गराउनुपर्ने प्रावधान पनि छ ।

सरकारले कुनै पनि सञ्चार माध्यमले आचारसंहिता उल्लङ्घन गरेमा अनलाइनबाट पनि उजुरी लिन सक्ने, उजुरीमा काउन्सिलले जाँचबुझ गर्ने पनि प्रस्ताव छ । विधेयकमा मिडिया काउन्सिलको अध्यक्षको योग्यता सर्वोच्च अदालतको न्यायाधीशसरह हुनुपर्ने प्रावधान छ । २०७५ सालमा ल्याइएको विधेयकमा स्नातक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएको व्यक्ति अध्यक्ष बन्ने प्रावधान थियो । २०७५ को विधेयकले अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा समिति राख्न प्रस्ताव गरिएको थियो । यसपटकको विधेयकमा पनि सचिवको संयोजकत्वमा सरकारले तोकेको विज्ञ सदस्य र मन्त्रालयका सहसचिव रहने गरी ३ सदस्यीय सिफारिस समिति राख्न प्रस्ताव गरिएको छ ।

---

९ मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको सैद्धान्तिक अवधारणापत्र ।

१० सत्याल, मनोज । पत्रकारले काउन्सिलबाट परिचयपत्र लिनुपर्ने । https://www.setopati.com/politics/327968

# मुख्य विवाद र बहस

यी मुख्य विषयभित्र मिडिया काउन्सिलका पदाधिकारीहरूको नियुक्तिको प्रावधान, काउन्सिलको अध्यक्ष पद रिक्त रहेको अवस्थामा कार्यबाहक कसले चलाउने र आमसञ्चार माध्यमले आफ्नो सम्पादकीय नीति स्वघोषणा गर्नुपर्ने तथा काउन्सिलले जाँचबुझ गर्ने भन्ने प्रावधानहरूचाहिँ मुख्यरूपमा विवाद र चर्चामा आएका छन् । विधेयकका प्रस्तावित प्रावधानहरूमा राष्ट्रिय सभाका २७ जना सांसदका ६ वटा समूहले राखेका ७८ वटा संशोधन पनि तिनै विवाद र चर्चाका उदाहरण हुन् ।

अधिकांश संशोधनकर्ताले काउन्सिल गठनसम्बन्धी व्यवस्थामा मन्त्रालयको अधिकार कटौती गर्न प्रस्ताव गरेका छन् ।[११] विधेयकको दफा ६ मा काउन्सिलको गठन तथा सञ्चालनसम्बन्धी व्यवस्था छ। उक्त दफाको उपदफा २ ले काउन्सिलको अध्यक्ष र सदस्यहरु नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य १ जना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी ३ सदस्यीय सिफारिस समिति रहने व्यवस्था गरेको छ ।

राष्ट्रिय सभाका सदस्य जितजङ्ग बस्नेत र विष्णुदेवी पुडासैनीले दर्ता गरेको संशोधनमा काउन्सिलका अध्यक्ष सिफारिस गर्न गठन हुने समिति राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा हुनुपर्ने र समितिमा प्रेस काउन्सिलका पूर्वअध्यक्षमध्येबाट सरकारले तोकेको १ जना र प्रतिनिधि सभाको सञ्चारसम्बन्धी विषय हेर्ने समितिको सभापति सदस्य राख्नुपर्ने संशोधन प्रस्ताव छ ।

सांसद कृष्णबहादुर रोकायले राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्री र प्रतिनिधि सभाको सञ्चार सम्बन्धित समितिका सभापति सदस्य भन्ने शब्द राखेर समिति गठन हुनुपर्ने संशोधन राखेका छन् । सांसद गोपीबहादुर सार्की अछामीले काउन्सिलका अध्यक्ष तथा सदस्यको सिफारिस समितिमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव भन्ने शब्दको सट्टा न्याय परिषद्ले सिफारिस गरेको १ जना सदस्य भन्ने शब्द राख्न संशोधन हालेका छन् ।

विधेयकमा अध्यक्षसहित मन्त्रालयका प्रतिनिधि, नेपाल पत्रकार महासङ्घका अध्यक्ष, छापा पत्रकारिता, अनलाइन पत्रकारिता, रेडियो, टेलिभिजनका प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकारको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाट १ जनाको दरले कम्तीमा ३ जना महिलासहित ७ जना र सञ्चार स्रोता, पाठकको प्रतिनिधित्व हुने गरी १ सहित ११ सदस्यीय काउन्सिल हुने व्यवस्था छ। काउन्सिलको सदस्यसम्बन्धी व्यवस्थामा कम्तीमा १२ देखि १५ सदस्यीय व्यवस्था हुनुपर्ने गरी संशोधन परेका छन् ।

विधेयकमा काउन्सिल अध्यक्षको योग्यता सम्बन्धमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको उल्लेख छ। सांसद कृष्णबहादुर रोकायले स्नातक तहको उपाधि हासिल गरी पत्रकारिताको क्षेत्रमा कम्तीमा २० वर्षको अनुभव भएको वा स्नातकोत्तर तहको उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएको प्रावधान राख्न संशोधन हालेका छन् ।

सांसद देवेन्द्र दाहाललगायतले अध्यक्षको योग्यता सम्बन्धमा पत्रकारिता क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव रहेकामा १० वर्षको अनुभव राख्न संशोधन हालेका छन् । डा. वेदुराम भुसालले अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाको सर्त ऐनमै तोक्नुपर्ने संशोधन प्रस्तावमा राखेका छन् । संशोधनकर्ता सदस्यले विधेयकको नाम परिवर्तन गर्न सुझाव दिएका छन् । उनीहरूले 'मिडिया काउन्सिल विधेयक-२०८०' को सट्टा विधेयकको नाम 'सञ्चार परिषद् विधेयक-२०८१' राख्न संशोधन हालेका छन् ।

यो विधेयकमा सांसदहरूले हालेका संशोधन मात्र होइन, सरोकारवालाहरूले गरेका गुनासो र विरोध पनि निकै चर्को छ । सञ्चारसम्बद्ध विज्ञ र सरोकारवालाहरूले

११ झा, ईश्वरचन्द्र । मिडिया काउन्सिल विधेयक : नियुक्ति संसद् मातहत ल्याउन एकमत । https://gorkhapatraonline.com/news/115376

विरोध गर्नुको कारण बुझ्नुअघि केही पृष्ठभूमि नियालौँ ।

२०७६ सालमा दर्ता भएको मिडिया काउन्सिल विधेयकमा विवाद भएपछि आमसञ्चार क्षेत्रका समग्र नीति, नियम र कानुनहरूमा समयसापेक्ष सुझाव दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०७९ चैतमा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष डा. सुरेश आचार्यको संयोजकत्वमा महासङ्घकै पूर्वअध्यक्षद्वय डा. महेन्द्र विष्ट र गोविन्द आचार्य, महासङ्घका अध्यक्ष विपुल पोखरेल र पत्रकार बबिता बस्नेत सदस्य रहेको सुझाव समिति गठन गरेको थियो । उक्त समितिले बुझाएको सुझाव भन्दा विपरीत ढङ्गले विधेयक संसद्मा पुगेको भन्दै त्यसलाई लिएर सरोकारवालाहरूले विरोध गरेका हुन् ।

सरोकारवालाहरूको विरोधपछि विधायन समितिले प्रेस काउन्सिल नेपालका पदाधिकारी, सञ्चार मन्त्रालयले बनाएको सुझाव समितिका संयोजक र सदस्यलगायतसँग विधेयकका प्रावधानहरूबारे छलफल गरेको छ । २०८१ असार २ गते समितिले गरेको छलफलमा प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलको धारणा पेस गरेका थिए । त्यस क्रममा उनले काउन्सिलको स्वायत्तता खुम्चाउन खोजिएको भन्दै मुख्यरूपमा आपत्ति जनाए । उनले उक्त प्रावधान संशोधन नगर्ने हो भने काउन्सिल सरकार मातहतको एउटा अङ्ग मात्र बन्ने धारणा राखेका थिए ।

विधेयकअनुसार नेपाल सरकारले नियुक्त गरेको व्यक्ति मिडिया काउन्सिलको अध्यक्ष रहनेछ । त्यस्तै, सदस्यहरूमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव, पत्रकार महासङ्घका अध्यक्ष, ७ प्रदेशबाट विधागत प्रतिनिधित्व हुने गरी ७ जना (३ महिला हुनुपर्ने) र सञ्चार माध्यमका पाठक, दर्शक, स्रोताको प्रतिनिधित्व हुने गरी १ जना सदस्य रहने प्रस्ताव छ । काउन्सिलको अध्यक्ष र सदस्यका लागि योग्यता भने सर्वोच्च अदालतको न्यायाधीशसरहको हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । अध्यक्षको आवश्यक योग्यताबारे भनिएको छ- 'सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको ।' त्यस्तै सदस्यको हकमा भनिएको छ- 'मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तहको उपाधि हासिल गरेको र सञ्चार, व्यवस्थापन, कानुन, सूचना प्रविधि, साहित्य वा सामाजिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको ।' यसरी सर्वोच्च अदालतको न्यायाधीशसरहको पदमा नियुक्तिका लागि सचिवले सिफारिस गर्ने र सरकारले नियुक्त गर्ने कानुनी प्रबन्ध गर्न खोजिएको छ ।[१२]

काउन्सिलका अध्यक्ष र सदस्यको नियुक्ति मन्त्रालयले गर्ने र यसका लागि सिफारिस गर्ने भनिएको छ- 'काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य १ जना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी ३ सदस्यीय सिफारिस समिति रहनेछ ।' यसरी सिफारिस समितिका दुईतिहाइ सदस्य मन्त्रालयका कर्मचारी हुनेछन् । यही प्रावधानमा सरोकारवालाहरूको विमति छ । अध्ययन कार्यदलका संयोजक सुरेश आचार्यले आफूहरूले बुझाएको सुझाव भन्दा विपरीत विधेयक आएको बताएका छन् । भन्छन्- हामीले बुझाएको मस्यौदाको सिद्धान्त भन्दा ठीक उल्टो विधेयक संसद्मा पुगेको छ । मिडिया काउन्सिल सरकार मातहत होइन, संसद् मातहत हुनुपर्छ भन्ने सिफारिस थियो । राष्ट्रिय सभाका अध्यक्ष, सञ्चार मन्त्री र प्रतिनिधि सभाको सञ्चार हेर्ने समितिको सभापति रहेको समितिले काउन्सिलका पदाधिकारी सिफारिस गर्ने व्यवस्था मस्यौदामा थियो । तर सञ्चार मन्त्रालयले सञ्चार सचिव, सहसचिव र मन्त्रीले तोकेका १ जना विज्ञ रहने समितिले सिफारिस गर्ने भन्यो ।[१३]

सरकारले बनाउन खोजेको समितिको सिफारिसबाट मिडिया काउन्सिलका पदाधिकारी नियुक्त भएमा त्यो स्वतः सरकारको नियन्त्रणमा पुग्ने धारणा समितिमा विज्ञहरूले दिँदै आएका छन् । मिडिया काउन्सिलको अध्यक्ष हुने व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा १५ वर्ष पत्रकारिता गरेको व्यक्ति हुने भन्ने छ तर सर्वोच्च अदालतको न्यायाधीशसरहको

१२ महरा, जयसिंह । बराल, सजना । सञ्चार माध्यममाथि सरकारी अङ्कुश लगाउन मिडिया काउन्सिल विधेयक । https://ekantipur.com/news/2024/06/28/media-council-bill-to-curb-government-control-of-media-16-00.html

१३ १४ असार, २०८१ । कान्तिपुर दैनिक ।

पदाधिकारीलाई मन्त्रालयको सचिवले सिफारिस गर्ने प्रावधान अमिल्दो रहेको उनीहरूको भनाइ छ । यही प्रावधान पारित हुँदा सरकारको निकाय जस्तो मात्र हुने र स्वायत्त अभ्यासमा आँच पुग्ने उनीहरूको भनाइ छ ।

आचार्य संयोजकत्वको सुझाव समितिले नियुक्तिको स्वायत्तताका लागि मिडिया काउन्सिलका पदाधिकारीको सिफारिसमा संसद्लाई जोड्नुपर्ने सुझाव दिएको थियो । राष्ट्रिय सभाका अध्यक्षले नेतृत्व गर्ने समितिबाट चयन हुनुपर्ने प्रस्ताव थियो तर सरकारले उक्त सुझाव विधेयकमा समेटेन ।

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत भन्छन्- काउन्सिलको स्वतन्त्रता र स्वायत्ततालाई नियन्त्रण गर्ने ढङ्गले विधेयक आएको छ । यो प्रावधान पारित भयो भने काउन्सिल सरकारको पूर्ण मातहत रहन्छ ।[१४]

काउन्सिलले अर्को समस्याग्रस्त ठानेको प्रावधान हो- कार्यबाहक अध्यक्षको जिम्मेवारी दिने व्यवस्था । काउन्सिलका अध्यक्षको पद रिक्त भएको अवस्थामा कर्मचारीले चलाउन सक्ने व्यवस्थाले पनि स्वायत्तताको अभ्यासलाई कायम राख्न नसक्ने काउन्सिलका पदाधिकारीहरूको धारणा छ । विधेयकको दफा १४ (२) मा यस्तो 'अध्यक्षको पद रिक्त रहेको वा निलम्बन रहेको अवस्थामा दफा १५ बमोजिम अध्यक्ष नियुक्ति नभएसम्मका लागि कार्यबाहक अध्यक्षका रूपमा दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले बैठक बोलाउनेछ र सो बैठकको अध्यक्षता गर्नेछ' भन्ने व्यवस्था छ । अध्यक्ष निलम्बन भएको अवस्थामा कति समयभित्र अर्को नियुक्ति गरिसक्ने भन्ने व्यवस्था गरिएको छैन भने सहसचिव अध्यक्ष भएर कति समयसम्म चलाउने हो भन्ने पनि सीमा राखिएको छैन । बस्नेत भन्छन्- मन्त्रालयको सहसचिवले नै काउन्सिल चलाउने संरचना बनाउन हुन्न । यसले पत्रकारिताको मूल्य/मान्यता र मर्मलाई समेट्दैन ।

सञ्चारिका समूहकी पूर्वअध्यक्ष निर्मला शर्माले त संसदीय समितिको बैठकमै विज्ञहरूको सुझाव तोडमोड गर्नुपर्नाको कारण खोज्नुपर्ने बताएकी थिइन् । उनले भनेकी थिइन्- सरोकारवाला, विज्ञहरूको सहमतिमा बनेको विधेयक यसरी तोडमोड गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? लेख्ने स्वतन्त्रता पाउनुपर्छ भनेकै कारण अहिलेको संसद्, मिडियालगायतका संरचना बनेका हुन । यसलाई नै सङ्कुचन गर्नुपर्ने गरी विधेयक ल्याउनुपर्ने नियतमा शङ्का देखिन्छ । अझ पत्रकारिताको प्रसङ्गमा स्वतन्त्र शब्द हटाउनुको कारण के हो ? अहिलेको प्रेस काउन्सिललाई अझ बढी स्वतन्त्र र स्वायत्त बनाउन मिडिया काउन्सिल ल्याउन खोजिएको हो भन्ने हाम्रो बुझाइ थियो तर त्यसको अधिकारलाई नै खोस्ने गरेर यो विधेयक ल्याइएको छ ।[१५]

सांसद, विज्ञ र सरोकारवालाले विधेयकको सैद्धान्तिक आधारमै प्रश्न उठाएपछि राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले सञ्चार मन्त्री, सचिव र उच्च अधिकारीहरूसँग छलफल गर्ने निर्णय गऱ्यो । 'अरू विधेयकमा विज्ञ र सरोकारवालाका मत फरक हुन्थे, यो विधेयकमा स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्न खोजियो भन्नेमा दुवै पक्षको धारणा समान छ', समितिकी सभापति जयन्तीदेवी राईले भनेकी थिइन् । सैद्धान्तिकरूपमै समस्या आएपछि समितिले सञ्चार मन्त्रीसँग छलफल गर्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार समितिले ८ साउन २०८१ मा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङलाई बोलाएर छलफल गऱ्यो । समितिमा पूर्ण प्रेस स्वतन्त्रताको मूल्य/मान्यतामा सरकार अघि बढ्ने तर स्वतन्त्रताको पनि सीमाचाहिँ हुने धारणा मन्त्री गुरूङले राखेका थिए ।[१६] त्यही बैठकमा मिडिया काउन्सिलको प्रस्तावित नाम फेरेर 'आमसञ्चार परिषद्' राख्नेबारे सैद्धान्तिक सहमति सांसदबीच भएको थियो । उक्त सहमतिमा मन्त्री गुरूङले पनि समर्थन जनाएका थिए । तर विधेयकका प्रावधानहरूमा छलफलको चरण अझै नसकिएकाले त्यसको नाम 'आमसञ्चार परिषद्' नै राख्नेबारे अन्तिम र औपचारिक निर्णय निर्णय हुन भने बाँकी छ ।[१७]

---

१४ ३ भदौ, २०८१ मा प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतसँग गरिएको कुराकानीमा आधारित ।

१५ १४ असार २०८१ । कान्तिपुर दैनिक ।

१६ ८ साउन २०८१ । गोरखापत्र अनलाइन । https://gorkhapatraonline.com/news/116955

१७ खनाल, नुमराज । उपसचिव । विधायन व्यवस्थापन समिति । २० भदौ २०८१ मा गरिएको कुराकानी ।

# सङ्घ र प्रदेशका मिडिया काउन्सिलबीच आउन सक्ने विवाद

सङ्घमा मिडिया काउन्सिल विधेयकमाथि संसद्मा बहस चलिरहेका बेला त्यो बहसमा एउटा पाटो भने छुटिरहेको छ । त्यो हो- सङ्घको मिडिया काउन्सिल र प्रदेशका मिडिया काउन्सिलको कार्यक्षेत्र ।

मुलुक सङ्घीयतामा गइसकेपछि प्रदेशहरूले पनि सञ्चार कानुन बनाएका छन् । त्यस्ता कानुनमा प्रदेशमा पनि मिडिया काउन्सिल स्थापना गर्ने प्रावधान आएका छन् । र, यस्तो प्रावधान राखेर आएको कानुनअनुसार मधेस प्रदेशमा 'मधेस मिडिया काउन्सिल' नै स्थापना भइसकेको छ । प्रदेश राजपत्रमा २०७७ साल भदौ ३ मा प्रकाशित प्रदेश सञ्चार ऐनमा मधेस मिडिया काउन्सिल स्थापना गर्ने प्रावधान छ ।[१८] त्यही प्रावधानमा टेकेर गठन भएको काउन्सिलले अहिले काम गरिरहेको छ । अन्य प्रदेशमा भने काउन्सिल बनेका छैनन् । मधेस मिडिया काउन्सिल त्यहाँको सञ्चार ऐनअन्तर्गत बनेको हो । सरकारले बनाउने त्यस्तो काउन्सिल स्थापनाको उद्देश्यमा पनि सङ्घको प्रेस काउन्सिल स्थापनाकै उद्देश्य जस्ता प्रावधान राखिएका छन् । मधेस मिडिया काउन्सिलका उद्देश्य यसप्रकार छन् :[१९]

(क) स्वच्छ र मर्यादित पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

(ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने,

(ग) प्रेस र सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,

(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र

(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने,

१८ प्रदेश राजपत्र । प्रकाशित मिति २०७७/०५/०३ । https://mediacouncil.madhesh.gov.np

१९ प्रदेश सञ्चार ऐन । मधेस प्रदेश ।

सङ्घ र प्रदेश दुवैको मिडिया काउन्सिल भएपछि सञ्चार माध्यमहरूले कसको निर्देशन पालना गर्ने भन्ने समस्या आउन सक्छ । मुलुकभरका मिडियाहरूको आचारसंहिता अनुगमन, वर्गीकरणको काम प्रेस काउन्सिलले गर्छ । तर प्रदेशमा पनि काउन्सिल स्थापना भएपछि त्यसले गर्ने काम सङ्घसँग बाझिन सक्ने प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत बताउँछन् ।[२०] त्यसैले सङ्घीय कानुन बनाइरहेका बेलामा प्रदेशमा बन्ने काउन्सिलहरूका बारेमा पनि केही प्रावधान राखेर कामको संभावित दोहोरोपना हटाउने प्रबन्ध गर्न आवश्यक छ ।

मधेस मिडिया काउन्सिलका कार्यबाहक अध्यक्ष कैलाश दास काममा दोहोरोपना देखिने अवस्थाले अन्योल सिर्जना हुने बताउँछन् । उनका अनुसार प्रदेशमा पनि मिडिया काउन्सिलको आवश्यकता छ । किनकि प्रदेशलाई स्वायत्त अधिकार दिएकाले मिडियाको अनुमगन र नियमनको अधिकार पनि प्रदेशमा हुने उनको भनाइ छ । तर काउन्सिलको काममा दोहोरोपना देखिन नहुने उनको पनि राय छ । दासका अनुसार सङ्घीय कानुन बनाउँदै गर्दा प्रदेशसँगको समन्वयबारे कतै उल्लेख गर्दा त्यसबाट सहजता हुन्छ ।[२१]

२०७५ सालमा आएको मिडिया काउन्सिल विधेयकमा काउन्सिलको केन्द्रीय कार्यालय केन्द्रमा र प्रत्येक प्रदेशमा पनि कार्यालय खोल्न सक्ने प्रावधान प्रस्ताव गरिएको थियो । २०८० सालमा आएको विधेयकमा उक्त प्रस्तावित प्रावधान हटाइएको छ । काउन्सिलको कार्यालय काठमाडौँमा मात्र रहने भनिएको छ । प्रदेश कानुनअनुसार अब छुट्टै काउन्सिल बन्न थालेपछि भने त्यसलाई केन्द्रसँग जोड्ने संयन्त्र आवश्यक पर्ने प्रेस काउन्सिलका अध्यक्ष बस्नेतको भनाइ छ । मधेस मिडिया काउन्सिलका कार्यबाहक अध्यक्ष दास पनि कुनै न कुनै संयन्त्रबाट समन्वयको काम हुन सक्ने र त्यसले आउने दिनमा आइपर्न सक्ने समस्या समाधान गर्न सक्ने बताउँछन् । त्यसैले अहिले सङ्घीय कानुन निर्माण गरिराख्दा प्रदेशबारे पनि केही स्पष्टता आवश्यक पर्ने उनको सुझाव छ ।

२० बस्नेत, बालकृष्ण । अध्यक्ष, प्रेस काउन्सिल नेपाल । २०८१ असोज २ गते गरिएको कुराकानी ।

२१ दास, कैलाश । कार्यबाहक अध्यक्ष, मधेस मिडिया काउन्सिल । २०८१ असोज ४ गते गरिएको कुराकानी ।

# निष्कर्ष र सुझाव

प्रेस काउन्सिल वा मिडिया काउन्सिलको अवधारणा विश्वभर प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्नका लागि आएको हो । प्रजातान्त्रिक मूल्य/मान्यताअनुसार चल्ने संसारका अन्य मुलुकमा पनि प्रेस काउन्सिल जस्ता निकाय छन् । नेपालमा पनि २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि मिडियाको स्वतन्त्रताको संवर्द्धनका लागि २०४८ सालमा कानुन नै ल्याएर प्रेस काउन्सिल बनाइएको हो । त्यही कानुन संशोधन गर्न ल्याइएको २०८० सालको यो विधेयक विगतको भन्दा झन् प्रगतिशील हुनुपर्ने थियो । २०४८ साल र अहिले २०८१ सालमा कानुन बन्दै गर्दाको परिवेश धेरै बदलिइसकेको छ । सञ्चार माध्यम र प्रविधिको चापले कानुनलाई थप परिष्कृत गर्न त आवश्यक छ नै, साथै यसको स्वायत्ततालाई पनि अझै समृद्ध बनाउँदै लैजानुपर्ने आवश्यकता छ ।

तर अहिले मूलभूतरूपमा मिडिया काउन्सिलका पदाधिकारी नियुक्तिमा सरकार हाबी हुने प्रावधान छ । सरकारले नै समिति बनाउने र उक्त समितिमा सरकारी कार्मचारीकै बहुमत हुने भएकाले त्यस्तो संरचनाबाट नियुक्त हुने व्यक्तिले स्वतन्त्रता र निष्पक्षता कायम गर्न सक्दैन भन्नेमा सहमत हुन सकिन्छ । नियुक्तिदेखि नै स्वायत्तता र निष्पक्षताको अभ्यास गऱ्यो भने मात्र काउन्सिलले निष्पक्ष काम गर्न सक्छ । त्यसैले अहिले बहसमा आइरहेको काउन्सिलको स्वायत्तासम्बन्धी विषय जायज नै छ । मस्यौदा सुझाव समितिले नियुक्तिमा सरकार हाबी नहोस् भनेर नै राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा समिति बनाउने प्रस्ताव गरेको थियो । संसद् पनि नियुक्तिको प्रक्रियामा जोडियो भने नियुक्त हुने व्यक्तिहरु सरकारको कठपुतली बन्नुपर्दैन । संसद् भनेको जनप्रतिनिधिहरूको संस्था भएकाले नियुक्तिको सिफारिसमा संसद्को सहभागिताको अवधारणामा विमति राख्नुपर्ने देखिँदैन ।

सञ्चार संस्थाहरूले काउन्सिलले जारी गरेको आचारसंहिताको प्रतिकूल नहुने गरी आआफ्नो सञ्चार माध्यमका लागि आचारसंहिता र सम्पादकीय नीति स्वघोषणा गर्नुपर्छ । 'सम्पादकीय नीति' सार्वजनिक गर्नुपर्ने विषयलाई ऐनमा राखेपछि त्यो बाध्यकारी हुन्छ । सम्पादकीय नीति खुलारूपमा भन्दै हिँड्ने हो भने त्यसले कतै प्रेस स्वतन्त्रताको मान्यतामा दखल त पार्दैन भन्ने विषय सोचनीय छ । सञ्चार संस्थाका अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतबारे काउन्सिललाई जानकारी गराउनुपर्ने प्रस्ताव विधेयकमा छ । संविधानले नागरिकलाई गोपनीयताको हक दिएको छ । त्यस्तै सम्पत्तिको हक दिएको छ । अन्यत्र भएको लगानी विवरण पनि प्रेस काउन्सिललाई बुझाउनुपर्ने प्रावधानले कतै गोपनीयताको अधिकारमा असर त गर्दैन ? यस्तो प्रश्नको पनि हल खोज्नु आवश्यक छ ।